"Access to All"

# गरिमा विकास बैंक लिमिटेड

# Garima Bikas Bank Limited

नेपाल राष्ट्रबैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

च.नं : ग.वि.बैं.लि./२०७८/०७९/१६० मिति : २०७८/०५/१६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषयः विशेष साधारण सभाको निर्णय जानकारी गराईएको बारे ।

महाशय,

उपरोक्त सम्बन्धमा, यस विकास बैंकको विशेष साधारण सभा मिति २०७८ भाद्र १५ गते मंगलवारको दिन विकास बैंकको प्रधान कार्यालय लाजिम्पाट, काठमाण्डौंमा सम्पन्न भयो । सञ्चालक समितिको तर्फबाट उक्त साधारणसभामा प्रस्तुत निम्नानुसारका प्रस्ताव उपर छलफल भई उक्त प्रस्ताव पारित गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि सादर अनुरोध गर्दछु । साथै, विशेष साधारणसभा सम्बन्धी विस्तृत विवरण तथा साधारणसभाबाट भएका निर्णयहरु सहितको माइन्युट पछि पेश गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु ।

तपशिल

**((क) विशेष प्रस्तावहरु**

(१) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने सम्बन्धी प्रस्ताव तथा सो सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूमार्फत प्रस्तुत प्रतिवेदन पारित गर्ने ।

(२) गरिमा विकास बैंक लिमिटेड्मा सहारा विकास बैंक लिमिटेड प्राप्ति पश्चात विकास बैंकको नाम नेपालीमा **"गरिमा विकास बैंक लिमिटेड"** र अंग्रेजीमा **"Garima Bikas Bank Limited"** कायम गरी सो नामबाट वित्तीय कारोबारको निरन्तरता दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति प्रयोजनका लागि चल, अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit, DDA) गर्न संयुक्त मर्जर समितिबाट लेखापरीक्षक (DDA मुल्याकंनकर्ता) नियुक्त तथा निजको पारीश्रमिक निर्धारण गरेकोमा संचालक समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

(४) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने प्रयोजनका लागि सहारा विकास बैंक लिमिटेडको सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता लेखापरिक्षकबाट प्राप्त लक्षित संस्था, सहारा विकास बैंक लिमिटेडको चल अचल सम्पत्ति र दायित्वको मूल्यांकन (Due Diligence Audit, DDA) प्रतिवेदन तथा सो समेतको आधारमा संयुक्त प्राप्ति समितिको सिफारिशमा संचालक समितिबाट निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) अनुमोदन गर्ने । शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) एक बराबर एक (१:१) निर्धारण गरिएको छ । (अर्थात हाल सहारा विकास बैंक लिमिटेडका शेयरधनीहरुको सहारा विकास बैंक लिमिटेडमा जुन समुह (संस्थापक तथा सर्वसाधारण) को जे जति कित्ता शेयर रहेको छ प्राप्ति प्रक्रिया सम्पन्न भए पश्चात उक्त सहारा विकास बैंक लिमिटेडका शेयरधनीहरुले गरिमा विकास बैंक लिमिटेडको सोही समुहको सोही बराबर कित्ता शेयरको हकदार रहनुहुनेछ) ।

(५) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने प्रयोजनका लागि सम्पन्न सम्झौतापत्र (Agreement), सहमतिपत्र (Memorendum of Understanding, MOU), संयुक्त प्राप्ति समिति गठन एवं संयुक्त प्राप्ति समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियारी प्रत्यायोजन गर्ने संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

(६) गरिमा विकास बैंक लिमिटेडमा सहारा विकास बैंक लिमिटेड प्राप्ति पश्चात गरिमा विकास बैंक लिमिटेडको साविक जारी तथा चुक्ता पुंजी रु ३,६७,५९,१२,५०१।०८ (अक्षरेपी तीन अर्ब सतसट्ठी करोड उनान्साठी लाख बाह्र हजार पाँच सय एक र पैसा आठ मात्र) मा सहारा विकास बैंक

लिमिटेडको जारी तथा चुक्ता पुँजी रु. २७,२२,७०,६०४।- (अक्षरेपी सत्ताइस करोड बाइस लाख सत्तरी हजार छ सय चार मात्र) थप हुँदा गरिमा विकास बैंक लिमिटेडको जारी पुँजी र चुक्ता पुँजी रु ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रीयासी हजार एक सय त्रीयासी र आठ पैसा मात्र) कायम हुने भएकोले विकास बैंकको जारी तथा चुक्ता पुँजी रु ३,९४,८१,८३,१०५।०८ (अक्षरेपी तीन अर्व चौरानब्बे करोड एकासी लाख त्रियासी हजार एक सय त्रियासी र आठ पैसा मात्र) कायम गर्ने तथा सोही अनुसार विकास बैंकको प्रबन्धपत्रको दफा ५ को उपदफा (ख) र (ग) मा संलग्न अनुसूची बमोजिम जारी तथा चुक्ता पुँजी सम्बन्धि व्यवस्थाहरु संशोधन गर्ने ।

(७) गरिमा विकास बैंकमा सहारा विकास बैंक लिमिटेड प्राप्ति हुने सिलसिलामा गर्नु पर्ने आवश्यक कार्य गर्ने वा नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालयबाट वा अन्य नियामक निकायबाट प्राप्ति सम्बन्धी अन्तिम स्वीकृति प्राप्त गर्ने, सो पश्चात एकिकृत कारोवार गर्ने, शेयर कारोवार सुचारु गर्ने लगायतका प्राप्ति संग सम्बन्धि प्रक्रिया पुरा गर्ने सिलसिलामा कुनै निर्देशन प्राप्त भई सो अनुसार निर्णय गर्नु पर्ने भएमा वा प्राप्ति प्रक्रियालाई सफलतापूर्वक सम्पन्न गर्न कुनै थप निर्णय गर्नुपर्ने भएमा सो सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(८) विकास बैंकको प्रबन्धपत्रको दफा ४ अन्तर्गत विकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरुमा "दफा ४ (ज्ञ) (ज) : सामुहिक लगानी कोष (म्युचुअल फण्ड) स्थापना गरी कोष प्रवर्द्धकको रुपमा कार्य गर्ने" भन्ने व्यवस्था थप गर्ने ।

(९) संचालक समितिका अध्यक्ष तथा संचालकहरुको दैनिक भत्ता, भ्रमण खर्च र इन्टरनेट खर्च लगायतका सुविधा वृद्धि/थप गर्ने र सोही बमोजिम विकास बैंकको नियमावलीको नियम २९ को उपनियम १ (ग) र १ (घ) मा समय सापेक्ष संशोधन गर्ने ।

(१०) प्रवन्धपत्र तथा नियमावली संशोधन उपर नेपाल राष्ट्र बैंक एवं कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत/संशोधन अभिलेख गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न तथा सच्याउन परेमा सो सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

भवदीय,

Garima Bikas Bank Limited
गरिमा विकास बैंक लिमिटेड
Head Office: Lazimpat, Kathmandu

..................................

माधव प्रसाद उपाध्याय
(कम्पनी सचिव/नायब प्रमुख कार्यकारी अधिकृत)